# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, पुस ११ गते, २०८२ साल (अतिरिक्ताङ्क २३

## भाग २

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## उद्योग, कृषि तथा सहकारी मन्त्रालयको सूचना

# वृद्धिमुखी उद्यमशिलता र रोजगारी प्रवर्धन (GEEP) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

प्रस्तावनाः कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र दायित्व संस्था बिच भएको सहकार्य गर्ने सम्बन्धी समझदारीपत्र बमोजिम उद्यमशीलता विकास तथा रोजगारी प्रवर्धन मार्फत कोशी प्रदेश सरकारबाट सशर्त अनुदानमा बजेट व्यवस्था भएका रामधुनी नगरपालिका, गौरादह नगरपालिका, फाकफोकथुम गाँउपालिका, पौवादुम्बा गाँउपालिका, ऐसेलुखर्क गाँउपालिका, मेरिङ्गदेन गाँउपालिका, बुढीगंगा गाँउपालिकामा दिगो र समावेशी आर्थिक रुपान्तरण गर्न, ग्रामीणस्तरमा महिला तथा युवाले सञ्चालन गरेका उद्यमको सक्षमीकरण, स्तरीकरण र स्तरोन्नति गर्दै ग्रामीण उद्यमीलाई आर्थिक समृद्धिको बाहक बनाउन वाञ्छनीय भएकोले, कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्धन (GEEP) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उद्यम" भन्नाले उद्योग, इलम, जीवन निर्वाहको लागि गरिने काम वा श्रम, मेहनत, व्यापार वा व्यवसाय सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) "उद्यमी" भन्नाले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम बहन गर्ने गरी लगानी गर्ने व्यक्ति वा समूहलाई सम्झनु पर्छ।

(ग) "उद्यमशीलता विकास तालिम" भन्नाले उद्यम व्यवसाय स्थापना तथा सञ्चालनका लागि आवश्यक उत्प्रेरणा, जोखिम बहन गर्न सक्ने र व्यवसायिक ज्ञान तथा सिप प्रदान गर्ने उद्देश्यले प्रदान गरिने तालिम सम्झनु पर्छ।

(घ) "कार्यक्रम" भन्नाले वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्धन कार्यक्रम सम्झनु पर्छ।

(ङ) "कार्यक्रम सञ्चालन समिति" भन्नाले दफा १७ बमोजिमको कार्यक्रम सञ्चालन समिति सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(छ) "प्रदेश सरकार" भन्नाले कोशी प्रदेश सरकार सम्झनु पर्छ।

(ज) "प्रविधि हस्तान्तरण" भन्नाले उद्यम व्यवसाय सञ्चालन, विस्तार तथा स्तरोन्नति गर्नका लागि आवश्यक पर्ने उपकरण, उद्यम वृद्धि गर्ने साधन, कृषि सामग्री वा मेसिन उपलब्ध गराउने कार्य सम्झनुपर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(झ) “बजारीकरण” भन्नाले उद्योगबाट हुने उत्पादन, मूल्य निर्धारण, प्रवर्धन तथा वितरण प्रणालीसँग सम्बन्धित उपभोक्ता केन्द्रित क्रियाकलाप सम्झनु पर्छ।

(ञ) “वृद्धिमुखी उद्यम” भन्नाले उद्यम गरिरहेका र स्तरोन्नति तथा थप रोजगारी सिर्जनाको सम्भावना भएका क्षेत्रका उद्यमलाई सम्झनु पर्छ।

(ट) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको उद्योग, वाणिज्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ठ) “लक्षित वर्ग” भन्नाले सिप तथा सिर्जना भएका उद्यमी बन्ने चाहना राखेका वा उद्यमशीलता विकास सम्बन्धी तालिम प्राप्त गरी उद्यम स्थापना वा प्रवर्धनका लागि सहजीकरण तथा वित्तीय पहुँचको आवश्यकता भएका व्यक्ति वा समूहलाई सम्झनु पर्छ।

(ड) “लागत साझेदारी” भन्नाले यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्नका लागि मन्त्रालय र छनोट भएका स्थानीय तहले दफा २० को उपदफा (२) बमोजिमको साझेदारीलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ढ) "संस्था" भन्नाले दफा १८ को उपदफा (१) बमोजिम गर्ने संस्थालाई सम्झनु पर्छ।

(ण) "सक्षमीकरण" भन्नाले उद्यमको वित्त र बजारबारे प्रशिक्षणबाट ज्ञान, सिप र आत्मविश्वास अभिवृद्धिलाई सम्झनुपर्छ।

(त) "स्तरोन्नति" भन्नाले उद्यमको व्यवस्थापन र उत्पादनमा नवप्रवर्तनबाट आम्दानी र रोजगारीको अभिवृद्धि सम्झनुपर्छ।

(थ) "स्तरीकरण" भन्नाले उद्यमको व्यवसायिक योजना, बजारीकरण र नवप्रवर्तन सम्बन्धी सिपको विकास गर्ने कार्यलाई सम्झनुपर्छ।

(द) "स्थानीय तह" भन्नाले दफा १५ बमोजिम छनोट भएका पालिका तथा कार्यक्रम सञ्चालनमा रहेका पालिकालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रमको लक्ष्य र उद्देश्य

३. <u>लक्ष्यः</u> यस कार्यविधि बमोजिम कार्यक्रमको लक्ष्य ग्रामीण स्तरमा लघु तथा साना उद्यमको स्तरोन्नती गरी रोजगारी र आयवृद्धि गर्ने हुनेछ।

४. <u>उद्देश्यः</u> यस कार्यविधि बमोजिम कार्यक्रमका उद्देश्य देहाय बमोजिम रहेका छन्:-

(क) उद्यमशीलता मार्फत रोजगरी सिर्जना गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(ख) उद्यम व्यवसाय सञ्चालन गरिरहेका तथा गर्न चाहने युवा तथा महिलाहरूको ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्दै उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तीकरण गर्ने,

(ग) युवा तथा महिला उद्यमीलाई उद्योग व्यवसाय गर्न आवश्यक प्राविधिक सहयोग, सरकारी, निजी क्षेत्र तथा वित्तीय संस्थाबाट प्रदान गरिने ऋण, सेवा, सुविधा तथा सहुलियतको जानकारी एवम् पहुँचका लागि सहजीकरण गर्ने,

(घ) ग्रामिण वृद्धिमुखी उद्यमको द्रुतीकरण गर्ने,

(ङ) कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनका लागि शासकीय क्षमता अभिवृद्धि गर्ने,

(च) बहुसरोकारवालाहरूको ज्ञान आदानप्रदान मार्फत सिकाइ बिस्तार गर्ने,

(छ) नवीनतम र परम्परागत प्रविधिको उपयोग गर्न सक्ने उद्यमशील जनशक्तिको विकास गर्ने।

## परिच्छेद-३

## कार्यक्रमको क्षेत्र र अपेक्षित प्रतिफल

५. **कार्यक्रमको क्षेत्रः** यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयनका लागि देहायका उद्यम मात्र छनोट गरिनेछः-

(क) कृषि, पशुपालन तथा उत्पादनमा आधारित उद्यम व्यवसाय,

(ख) जडीबुटी तथा वन पैदावारमा आधारित उद्यम,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) सिलाइ बुनाइ, स्थानीय (हसिया, कुटो, कोदालो जस्ता) औजार उत्पादन र स्थानीय कच्चा पदार्थमा आधारित सामग्री उत्पादन जस्ता सिपमा आधारित उद्यम व्यवसाय,

(घ) पर्यटन (सामुदायिक होमस्टे र रिसोर्ट) मा आधारित उद्यम व्यवसाय,

(ङ) वृद्धि बजारको उपलब्धता र सम्भावनामा आधारित उद्यम व्यवसाय,

(च) स्थानीय तहले छनोट गरेका अन्य व्यवसाय।

६. **अपेक्षित प्रतिफलः** यस कार्यक्रमको अपेक्षित प्रतिफल देहाय बमोजिमको हुनेछः-

(क) स्थानीय कच्चा पदार्थको अधिकतम प्रयोग गरी स्थानीय उद्यमको विस्तार भएको हुनेछ,

(ख) अधिकतम रोजगारी सिर्जना भएको हुनेछ,

(ग) उत्पादन गरिएका सामग्रीहरूको गुणस्तर कायम भएको हुनेछ,

(घ) उत्पादित सामाग्रीको सहज बजार पहुँच स्थापित हुनेछ,

(ङ) प्रत्येक स्थानीय तहमा चालिस जना उद्यमीहरूको सक्षमीकरण, बिस जना उद्यमीको स्तरीकरण र दश वटा वृद्धिमुखी उद्यमहरूको स्तरोन्नति भएको हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## परिच्छेद-४

## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

७. **कार्यक्रम सञ्चालन हुने स्थानीय तह सम्बन्धमाः** (१) आर्थिक वर्ष २०८२/०८३ मा आ.व. २०८१/८२ मा कार्यक्रम सञ्चालन रहेका र क्रियाकलाप पूरा नभएका पाँच स्थानीय तहमा निरन्तर रुपमा र ससर्त बजेट विनियोजन भएका थप दुई मेरिङ्गदेन गाउँपालिका र बुढीगंगा गाउँपालिकामा परीक्षण परियोजनाको (Pilot Project) रुपमा यो कार्यक्रम सञ्चालन हुनेछ।

(२) उपदफा (१) बमोजिमका स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्दा उद्यमीको माग र सम्भाव्यता, बजारको सम्भाव्यता, स्थानीय कच्चा पदार्थको उपलब्धता र उद्यम विकासको सम्भाव्यताको आधारमा गर्नु पर्नेछ।

८. **सम्भाव्यता अध्ययनः** (१) स्थानीय तहले संस्थाको सहयोग र सहकार्यमा आफ्नो स्थानीय तहभित्र उद्यम परितन्त्र (enterprise ecosystem) र बजार सम्भावनाको अध्ययन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा सम्भाव्य स्रोतहरूको विश्लेषण, सम्भावित उद्यमीको विवरण सङ्कलन, उद्यम गर्न इच्छुक व्यक्तिहरूको उद्यमीसँगको आवद्धता समेतको अध्ययन गर्नु पर्नेछ।

(३) स्थानीय तहले उद्यमी बन्न चाहने व्यक्ति लक्षित कार्यक्रम शुभारम्भ कार्यशाला, सञ्चार माध्यम तथा सामाजिक सञ्जालहरूको प्रयोग जस्ता क्रियाकलाप गर्न सक्नेछ।

९. <u>आवेदन आह्वानः</u> (१) संस्थाले उद्यम गरिरहेका तथा नयाँ उद्यम गर्न चाहाने व्यक्ति लक्षित गरी पन्ध्र दिने सूचना सहित आवेदन आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आवेदन दिन चाहने उद्यमीले अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन पेस गर्नु पर्नेछ।

१०. <u>आवेदन मूल्याङ्कन र छनोट सम्बन्धमाः</u> (१) दफा ९ बमोजिम प्राप्त आवेदन मध्येबाट देहायका सूचकका आधारमा संस्थाले आवेदनको मूल्यांकन गरी  दफा १७ बमोजिमको कार्यक्रम सञ्चालन समितिमा पेस गर्नेछ -

(क) आवेदकको उद्यम सम्बन्धी आवश्यकता र सो सम्बन्धी आधारभूत ज्ञान र सिप,

(ख) व्यवसायिक तत्परता र नवीनतम सोच,

(ग) सञ्चालनमा रहेका उद्यमको हकमा विद्यमान व्यवसायको सञ्चालन तरिका,

(घ) अन्य व्यवसायिक गतिविधि।

(२) उपदफा (१) बमोजिम समितिले पहिलो चरणमा चालिस जना उत्कृष्ट उद्यमीहरू सक्षमीकरणका लागि छनोट गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम छनोट भएका उद्यमहरूका लागि देहाय बमोजिमका गतिविधि सञ्चालन गरी सक्षमीकरण गर्नु पर्नेछः-

(क) उद्यम स्थापनाका लागि उत्प्रेरित गर्ने कार्यक्रम,

(ख) उद्यम व्यवस्थापन, वित्तीय ज्ञान र नेतृत्व विकास सम्बन्धी प्रशिक्षण,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) आत्मविश्वास निर्माण, जोखिम वहन गर्ने क्षमता अभिवृद्धि गर्ने सिपको विकास, उद्यमशीलताको विकास, उद्यम छनोट तथा व्यवसायिक योजना तथा उद्यमका लागि पूँजी व्यवस्थापन सम्बन्धी तालिम,

(४) उपदफा (२) बमोजिम छनोटमा परेका उद्यमीहरू मध्येबाट उत्कृष्ठ बिस उद्यमी छनोट गर्न कार्यक्रम सञ्चालन समितिले संस्थाको सहयोगमा एक निर्णायक मण्डल गठन गर्नेछ। निर्णायक मण्डलले उद्यमीहरूको देहाय बमोजिमको आधारमा योजना प्रस्तुति गराई उत्कृष्ट बिस उद्यमीको उद्यम वृद्धिको मूल्याङ्कन गरी कार्यक्रम सञ्चालन समितिमा पेस गर्नेछः-

(क) महत्व प्रस्तावना,

(ख) उद्यमशील क्षमता र सोच,

(ग) ग्राहक वर्गको पहिचान तथा बजार/ ग्राहकसँगको सम्बन्ध,

(घ) वित्तीय अवस्था र लगानीको संरचना,

(ङ) प्रमुख क्रियाकलाप र प्रमुख स्रोत साधनहरू,

(च) आम्दानीका स्रोतहरू,

(छ) प्रमुख साझेदारहरू,

(ज) वृद्धिमुखीको सम्भावना,

(झ) सामाजिक प्रभाव र विस्तारको सम्भावना,

(ञ) स्थानीय ज्ञान सिप र उपयोगको अवस्था।

(५) उपदफा (३) अनुसार निर्णायक मण्डलले सिफारिस गरेका उद्यमीलाई कार्यक्रम सञ्चालन समितिले अनुमोदन गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(६) उपदफा (४) बमोजिम छनोटमा परेका उत्कृष्ठ बिस उद्यमीलाई स्तरीकरण गर्न उद्यम सान्दर्भिक सक्षमीकरण गरेर वित्त बजारको पहुँच अभिवृद्धि गरिनेछ, साथै उत्कृष्ठ बिस उद्यमीले आफ्नो उद्यमको बजारीकरण र आफ्नो नेतृत्व विकास र समुदायलाई परिचालन गर्न "मेरो उद्यम, मेरो पालिका" SMS भोटिङ्ग अभियान सञ्चालन गर्नु पर्नेछ।

## परिच्छेद-५

## क्षमता अभिवृद्धि

११. उद्यमहरूको स्तरोन्नतिः (१) दफा १० को उपदफा (६) बमोजिम छनोटमा परेका उद्यमीहरू मध्येबाट उत्कृष्ट दश उद्यम छनोट गर्न कार्यक्रम सञ्चालन समितिले संस्थाको सहयोगमा उद्यमी छनौटका आधार तयार गरी एक निर्णायक मण्डल गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णायक मण्डले उत्कृष्ठ बिस उद्यमीको उद्यम स्थलगत अवलोकन, अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ र स्थलगत अवलोकन कार्यक्रम सञ्चालन समितिले गठन गरेको निर्णायक मण्डलका साथै मन्त्रालय र संस्थाको समेत सहभागिता एवम् सुझाबमा गरिनेछ।

(३) उत्कृष्ट दश उद्यम छनोट दफा १० को उपदफा (५) बमोजिम सञ्चालन गरेको "मेरो उद्यम, मेरो पालिका" SMS भोटिङ्ग अभियानबाट २५ अंक र उपदफा (२) बमोजिमको निर्णायक मण्डलको स्थलगत अवलोकन, अनुगमन तथा मूल्यांकनको ७५ अंक आधार गरी जम्मा १०० अंकभार कायम गरी उत्कृष्ट १० उद्यमी छनौट गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(४) उद्यमहरूको सक्षमीकरण र वृद्धिमुखी स्तरोन्नति गर्न निम्न क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछः-

(क) व्यावसायिक र वित्तीय योजनाहरूलाई सुदृढ बनाउन विभिन्न प्रशिक्षण र प्राविधिक परामर्शहरू उपलब्ध गराइनेछ।

(ख) व्यावसायिक प्रणाली सुधारका लागि अनुसूची-२ बमोजिम उपयुक्त प्रविधि हस्तान्तरण गरिनेछ। प्रविधि हस्तान्तरण गर्दा सम्बन्धित उद्यमीको न्यूनतम् पचास प्रतिशत लागत साझेदारीमा मात्र गर्नु पर्नेछ।

(ग) सञ्जालीकरण कार्यक्रम र व्यापार मेला (जसले उत्पादकहरू र सम्भावित खरिदकर्ताहरूलाई सँगै ल्याउँछ) मार्फत उद्यमहरूलाई खरिदकर्ता, खुद्रा बिक्रेता, थोक बिक्रेता र निर्यात बजारसँग जोडेर बजार सम्बन्धलाई सहज बनाइनेछ।

(घ) उद्यमहरूलाई उनीहरूको उत्पादनको गुणस्तर, प्याकेजिङ र बजारीकरणमा सुधार गर्न प्रशिक्षण र प्राविधिक सहयोग उपलब्ध गराएर उत्पादन देखि वितरण र उपभोगसम्मका सम्पूर्ण आपूर्ति श्रृङ्खलाहरूको दक्षता र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ङ) उद्यमहरूलाई ई-कमर्स स्टोरहरू स्थापना गर्न, व्यवस्थापन गर्न र उत्पादनहरू प्रवर्धन गर्न डिजिटल बजारीकरण रणनीति प्रयोग गर्न प्रशिक्षण र परामर्श प्रदान गरिनेछ।

(च) उद्यमहरूलाई बजार पहुँच र प्रतिस्पर्धा बढाउनको लागि गुणस्तर प्रमाणपत्र प्राप्त गर्न र उत्पादनमा गुणस्तर मापदण्डहरूको पालना गर्न सहयोग गरिनेछ।

(छ) व्यापार विकासका विभिन्न पक्षहरू (जस्तैः उत्पादन विकास, ब्राण्डिङ र प्याकेजिङ, मूल्य निर्धारणर वितरण) मा सहयोग प्रदान गरिनेछ। उद्यमहरूलाई बजार तयारी र प्रतिस्पर्धात्मक क्षमता सुधार गर्न मद्दत गर्न तालिम र प्राविधिक परामर्शहरू लगायत व्यवसाय विकास सेवाहरू प्रदान गरिनेछ।

(ज) उद्यममा नवप्रवर्तनको प्रयोग र कर्मचारी लगायत अन्य सरोकारवालाहरूको व्यवस्थापनका लागि उद्यम नेतृत्व प्रशिक्षण उपलब्ध गराइनेछ।

(झ) उद्यम विकासका लागि इच्छुक लगानीकर्ताहरू र निजी क्षेत्रका क्रेताहरूसँग सम्पर्क विस्तार गर्न उद्यम

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

योजना र लगानी प्रस्तुतीकरण कार्यक्रम आयोजना गरिनेछ।

१२. **शासकीय क्षमता अभिवृद्धिः** यो कार्यक्रम कार्यन्वयनलाइ शीघ्र र नतिजामुखी बनाउन साझेदार संस्थाको सहजीकरणमा स्थानीय सञ्चालन समितिले द्रुत परिणाम पहल (Rapid Results Initiative) विधि प्रयोग गर्नेछ र प्रदेशिक र स्थानीय सञ्चालन समितिको शासकीय क्षमता अभिवृद्धि गर्न तीन खण्डमा कार्यकारी नीति नेतृत्व प्रशिक्षण कार्यक्रम र समीक्षा कार्यशाला गरिनेछ।

१३. **ज्ञान साझेदारीः** (१) यो कार्यक्रमका सिकाईहरू तथा अन्य सरोकारवालाहरूको सम्बन्धित ज्ञानको वृहत्तर उद्देश्यका लागि प्रयोग गर्न स्थानीय तहमा उद्यमीहरूका प्रेरक सिकाइहरू समुदायसँग आदानप्रदान गर्न वडा तहमा ज्ञान चौतारी र पालिका तहमा उद्यम ज्ञान मेला, उद्यम संवाद तथा लगानी प्रस्तुति कार्यक्रमहरू र प्रदेशिक तहमा नीति संवाद र प्रदेश उद्यम एक्स्पो आयोजना गरिनेछ ।

(२) कार्यक्रमबाट आर्जित सिकाइहरूको संकलन, अनुसन्धान र सम्बधित सरोकारवालाहरूसँग आदान प्रदान तथा स्थानीय नीतिको कार्यान्वयनमा सहयोग गर्न र स्थानीय नीति निर्माणको लागि अनुसन्धान गर्न एक युवा फेलो यस कार्यकम आन्तर्गत प्रत्येक स्थानीय तहमा राखिनेछ ।

(३) दफा ८, ९,१०,११,१२ र १३ मा उल्लिखित गतिविधिहरूलाई प्रभावकारी रुपमा सञ्चालन र कार्यान्वयन गर्दा सहजकर्ताको सहजीकरण शूल्क तथा अन्य खर्च प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका,

२०७९ अनुसार गर्नु पर्नेछ र सवारी साधन जिल्ला दररेट अनुसार संस्थाले भाडामा प्रयोग गर्न सक्नेछ।

## परिच्छेद-६

## <u>संस्थागत व्यवस्था</u>

१४. <u>निकायः</u> कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालय, स्थानीय तह र संस्था जिम्मेवार रहनेछन्।

१५. <u>स्थानीय तह छनौट सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेशभित्र आ.व. २०८१/८२ मा कार्यक्रम सञ्चालन भएका पालिकाको सुझाब र प्रतिकृया, अन्य पालिकाको प्रारम्भिक मूल्यांकन र सम्भाव्यता समेतका आधारमा मन्त्रालयले नयाँ पालिकालाई "परीक्षण परियोजना" को रुपमा थप गर्न सक्नेछ।

(२) कार्यक्रम सञ्चालन भएका स्थानीय तहमा कार्यक्रमको क्रियाकलाप सम्पन्न भए पश्चात मन्त्रालयले उपदफा (१) बमोजिम स्थानीय तह छनौट गर्नेछ।

१६. <u>समन्वय तथा सहजीकरण सम्बन्धमाः</u> (१) कार्यक्रम कार्यान्वयनका सम्बन्धमा मन्त्रालयको उद्योग तथा वाणिज्य सम्बन्धी विषय हेर्ने महाशाखाले समन्वय, सहजीकरण र सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम कार्यान्वयन गर्न महाशाखाले देहाय बमोजिमको कार्य गर्नेछः-

(क) कार्यक्रमको समग्र नीतिगत तथा कार्यगत विषयमा समन्वय गर्नेछ,

(ख) कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गर्ने,



आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ग) कार्यक्रमको समग्र मार्गदर्शन, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको लागि बहुसरोकारवाला तथा जिम्मेवार निकाय बिच समन्वय गर्ने ।

१७. <u>कार्यक्रम सञ्चालन समिति सम्बन्धमा:</u> (१) स्थानीय तहमा कार्यक्रमको उद्देश्य अनुसार विभिन्न क्रियाकलापहरूको सञ्चालनका लागि देहाय बमोजिमको एक कार्यक्रम सञ्चालन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | नगरपालिका/गाउँपालिका प्रमुख/अध्यक्ष | -संयोजक |
| (ख) | नगरपालिका/गाउँपालिका उपप्रमुख/उपाध्यक्ष | -सदस्य |
| (ग) | संयोजक, आर्थिक विकास समिति | -सदस्य |
| (घ) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ङ) | बैंक तथा वित्तीय संस्थामध्ये संयोजकले तोकेको एक जना | -सदस्य |
| (च) | उद्योग तथा व्यवसायसँग सम्बन्धित संघ संस्थामध्येबाट संयोजकले तोकेको एक जना | -सदस्य |
| (छ) | कार्यक्रम प्रबन्धक वा कार्यक्रम अधिकृत वा प्रतिनिधि, संस्था | -सदस्य |

(ज) स्थानीय तहको उद्योग वा उद्यम विकास हेर्ने शाखा प्रमुख -सदस्य सचिव

(२) समितिमा आवश्यकता अनुसार नेपाल सरकार लगायत अन्य क्षेत्रका प्रतिनिधि र विषय विज्ञ लाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(क) कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण गर्ने,

(ख) साझेदार गर्ने लागतको बजेटको व्यवस्था गर्ने,

(ग) उद्यमी वा उद्यमी बन्न चाहने लक्षित वर्गको सम्भाव्यता अध्ययन गर्न साझेदार संस्थालाई सहजीकरण गर्ने,

(घ) प्राप्त आवेदनको मूल्याङ्कन गरी उद्यमको चरणबद्ध छनोट गर्न साझेदार संस्थालाई सहजीकरण गर्ने,

(ङ) लक्षित वर्गको मागमा आधारित उद्यमशीलता तथा सिप विकास तालिम सञ्चालनको व्यवस्था गर्ने,

(च) विभिन्न चरणमा छनोट भएका उद्यमीहरूलाई स्तरीकरण तथा

स्तरोन्नतिका लागि आवश्यक प्रविधि उपलब्ध गराउने,

(छ) कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउने,

(ज) कार्यक्रमबाट आर्जित सिकाइको सङ्कलन, अनुसन्धान र सम्बन्धित सरोकारवालाहरूसँग आदान प्रदान गर्ने,

(झ) कार्यक्रम कार्यान्वयनको अनुगमन मूल्याङ्कन गर्ने,

(ञ) कार्यक्रम कार्यान्वयन सम्बन्धमा मन्त्रालयबाट जारी मार्गदर्शन र परिपत्रहरूको पालना गर्ने।

(४) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयनका सम्बन्धमा स्थानीय तहको उद्योग/उद्यम वाणिज्य सम्बन्धी विषय हेर्ने शाखाले समन्वय, सहजीकरण र सम्पर्क शाखाको रुपमा कार्य गर्नेछ।

**१८. <u>संस्था सम्बन्धमा</u>:** (१) अनुसूची-३ मा संलग्न रहेको समझदारीपत्रमा दोस्रो पक्ष भनिएको दायित्व, सानेपा, ललितपूर कार्यक्रम कार्यान्वयन गर्ने संस्थाको रुपमा रहनेछ।

(२) संस्थाले कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कार्यालय स्थापना स्थानीय तहसँग समन्वय र सहजीकरण गर्नेछ। यसका लागि संस्थाले सम्बन्धित स्थानीय तहमा आफ्नो कार्यालय स्थापना गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) संस्थाले उपदफा (२) बमोजिमको समन्वय र सहजीकरणका लागि प्रदेश तहमा प्रदेश कार्यक्रम संयोजक खटाउनेछ।

(४) संस्थाले स्थानीय तहमा कार्यक्रम कार्यान्वयन गर्न कम्तिमा एक/एक जना स्थानीय सहजकर्ता र आवश्यक अन्य कर्मचारीहरू खटाउनेछ।

(५) उपदफा (४) बमोजिमका सहजकर्ताले स्थानीय तहसँगको प्रत्यक्ष सम्पर्कमा रही कार्यक्रम कार्यान्वयनको सहजीकरण गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम खटाइएको स्थानीय सहजकर्ता र अन्य कर्मचारीहरूको पारिश्रमिक साथै कार्यालयको आवश्यक सञ्चालन खर्च संस्थाले बेहोर्नेछ।

(७) संस्थाले कार्यक्रम कार्यान्वयनका सम्बन्धमा देहाय बमोजिमका कार्य गर्नेछ-

(क) प्रदेश सरकारलाई कार्यक्रम समन्वय गर्न द्रुत परिणाम पहल (Rapid Results Initiative - RRI) विधिको प्रयोगद्वारा प्राविधिक सहजीकरण उपलब्ध गराउने,

(ख) ग्रामीण उद्यम द्रुतीकरण कार्यक्रम (Rural Enterprise Acceleration Program - REAP) विधिको प्रयोग गर्न स्थानीय तहलाई सघाउ पुर्‍याउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) स्थानीय तहलाई कार्यक्रम सञ्चालन गर्न द्रुत परिणाम पहल (Rapid Results Initiative - RRI) विधिको प्रयोगद्वारा प्राविधिक सहजीकरण उपलब्ध गराउने,

(घ) कार्यक्रम सञ्चालनमा लागत साझेदारी गरी प्रशासनिक क्रियाकलापहरू सञ्चालन गर्ने,

(ङ) अनुसन्धानात्मक सहयोग (फेलोसिप, नीति संवाद, सुशासन संगोष्ठी) उपलब्ध गराउने,

(च) कार्यक्रम कार्यान्वयनका क्रममा विभिन्न चरणमा गर्नुपर्ने समग्र क्रियाकलाप तथा गतिविधिमा सञ्चालनमा सहजीकरण गर्ने,

(छ) कार्यक्रम सञ्चालनका लागि मुख्य जिम्मेवारी निर्वाह गर्ने,

(ज) उद्यमीका लागि व्यवसाय स्थापना र सञ्चालन गर्न व्यवसायिक योजना तयार, व्यवसायिक परामर्श र बजारीकरणका लागि सहयोग, समन्वय तथा सहजीकरण गर्ने,

(झ) उद्यमीलाई उद्योग स्थापना, स्तरोन्नति गर्न आवश्यक पर्ने बैंक तथा वित्तीय संस्थाबाट प्रदान गरिने सहुलियतपूर्ण कर्जा

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

र अन्य सेवा सुविधामा पहुँच स्थापना गर्न सहजीकरण गर्ने,

(ञ) स्थानीय तहमा सञ्चालित अन्य कार्यक्रमसँग दोहोरोपन नहुने गरी समन्वय गर्ने,

(ट) उद्यमशीलता तथा सिपविकास तालिम उपलब्ध गराउन आवश्यक सहजीकरण गर्ने,

(ठ) कार्यक्रम प्रभावकारिताको वृद्धि गर्न स्थानीय तह र अन्य सरोकारवालाहरूसँग समन्वय गर्ने,

(ढ) उद्यमीका उत्पादनलाई बजारसँग जोड्न आवश्यक समन्वय र सम्बन्ध स्थापना गर्न सहयोग गर्ने,

(ण) मन्त्रालयसँग समन्वय गरी कार्यक्रमबाट आर्जित सिकाइको सङ्कलन, अनुसन्धान र सम्बन्धित सरोकारवालासँग ज्ञान साझेदारी गर्ने,

(त) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी स्थानीय तहमार्फत मन्त्रालय समक्ष पेस गर्ने।

(८) संस्थाले प्रदेश सरकार, स्थानीय सरकारका निकायसँग सहकार्यमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ। त्यस्तो कार्यक्रममा

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

अन्य स्रोतबाट परिचालन गर्ने भए प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट स्विकृति लिएको हुनपर्नेछ।

१९. <u>कार्यक्रम सम्झौता:</u> कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तह र संस्थासँग मन्त्रालयले अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

## परिच्छेद-७

## <u>बजेट र लागत साझेदारी सम्बन्धी व्यवस्था</u>

२०. <u>कार्यक्रमको बजेट:</u> (१) यो कार्यक्रम एक स्थानीय तहमा न्यूनतम दुई वर्षसम्म सञ्चालन गर्न सकिनेछ।

(२) आर्थिक वर्ष २०८१/८२ मा कार्यक्रम शुरु भएका स्थानीय तहमा प्रदेश सरकारका तर्फबाट व्यवस्था भएको बजेटका अतिरिक्त कार्यक्रम सञ्चालन हुने सम्बन्धित स्थानीय तह र संस्थाको सहमति अनुसार कार्यक्रममा लागत साझेदारी गर्न सकिनेछ।

(३) आर्थिक वर्ष २०८२/८३ को विनियोजित कार्यक्रममा थप स्थानीय तहमा प्रदेश सरकार ससर्त अनुदानबाट व्यवस्था भएको बजेटको अतिरिक्त कार्यक्रम सञ्चालन हुने स्थानीय तह र संस्थाको सहमति अनुसार कार्यक्रममा लागत साझेदारी गर्न सकिनेछ ।

(४) संस्थाले आफ्नो लागत साझेदारीको रकम दफा १८ को उपदफा (२), (३), (४), (५) र (६) बमोजिमको खर्च व्यवस्थापनमा गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

२१. <u>बजेट निकासा:</u> (१) बजेट निकासा र खर्च सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) दफा १८ को उपदफा (७) बमोजिम संस्थाको कार्य जिम्मेवारीको प्रभावकारी कार्यान्वनका लागि स्थानीय तह र संस्था बिच आर्थिक सम्झौता गर्नुपर्नेछ।

(३) संस्थाले कार्यक्रम सञ्चालन गर्न स्थानीय तहमा प्रस्तावना पेस गर्नु पर्नेछ र त्यस्तो प्रस्तावनामा उल्लेख भएको बजेट प्रचलित कानून बमोजिम संस्थालाई पेस्की स्वरुप स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ ।

(४) संस्थाको तर्फबाट गरिने लागत साझेदारीको रकम स्थानीय तहको खातामा जम्मा गरी वा स्थानीय तहले तोके बमोजिम खर्च गर्नुपर्नेछ ।

(५) संस्थाले गर्ने आफ्नो लागत साझेदारी बमोजिमको खर्चको विवरण त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तह र मन्त्रालयमा पेस गर्नु पर्नेछ।

२२. <u>खर्च व्यवस्थापन तथा वित्तीय अनुशासन:</u> प्रदेश सरकार तथा स्थानीय तहले कार्यक्रमका लागि विनियोजित बजेट देहायको क्षेत्रमा खर्च गर्न पाइने छैनः

(क) भौतिक पूर्वाधार संरचना निर्माण जस्तैः सडक, पुल, जलबिद्युत लगायतका पूर्वाधारका क्षेत्र,

(ख) कार्यक्रमका लागि संस्थाबाट प्रतिनिधित्व गर्ने व्यक्तिको मासिक पारिश्रमिक

(ग) सवारी साधन खरिद।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

२३. <u>लेखापरीक्षण तथा प्रतिवेदनः</u> (१) कार्यक्रमको आन्तरिक लेखापरीक्षण तथा आर्थिक वर्ष समाप्त भएपश्चात कार्यक्रमको अन्तिम लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(२) उपदफा (१) बमोजिम अन्तिम लेखापरीक्षण पश्चात प्रमाणित आर्थिक विवरण स्थानीय तहले मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

## परिच्छेद-८

## <u>विविध</u>

२४. <u>अनुगमन तथा मूल्याङ्कनः</u> (१) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रदेश मन्त्रालयको उद्योग तथा वाणिज्य क्षेत्र हेर्ने महाशाखा, घरेलु तथा साना उद्योग कार्यालय र स्थानीय तहले  गरी त्रैमासिक प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) संस्थाले यस कार्यविधिको दफा ६ बमोजिमको अपेक्षित प्रतिफल हासिल भए नभएको अनुगमन मूल्याङ्कन गरी मन्त्रालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ।

२५. <u>सम्झौताको पूर्ण पालना गर्नु पर्नेः</u> (१) स्थानीय तह र संस्थाले सम्झौतामा उल्लिखित विषय र यस कार्यविधिमा भएका व्यवस्थाको पूर्ण रुपमा पालना गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम सम्झौता र कार्यक्रम सञ्चालन नगरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

२६. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-१

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

<u>उद्यमीले पेस गर्ने आवेदनको ढाँचा</u>

श्री ................ गाउँ/नगर पालिका,

गाउँ/नगर कार्यपालिकाको कार्यालय

...............................।

विषयः <u>कार्यक्रममा सहभागी हुन पाउँ</u>।

प्रस्तुत विषयमा त्यहाँ ...................... गाउँ/नगर पालिकाबाट सञ्चालन हुने वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्दन कार्यक्रम अन्तर्गत मैले सञ्चालन गरेको/गर्न चाहेको .................. उद्यमको सक्षमीकरण तथा स्तरोन्नति गर्न म इच्छुक भएको हुँदा देहायको विवरण र कागजात सहित यो निवेदन पेस गरेको छु।

उद्यमीको नामः

सञ्चालन गरेको/गर्न चाहेको उद्यमको नामः

उद्यमको ठेगानाः

उद्यमको व्यवसायिक योजनाः

उद्यमको लागि आवश्यक प्रशिक्षण तथा परामर्शः

उद्यमको लागि आवश्यक प्रविधिः

उद्यमसँग सम्बन्धित सूचनाः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-२
(दफा ११ को उपदफा (४ ) को (ख) सँग सम्बन्धित)
### प्रविधि हस्तान्तरण विधि

उद्यमीले प्रविधि हस्तान्तरणका लागि तपसिलको कागजात पेस गर्नु पर्नेछः

१. व्यवसाय योजनाको प्रतिलिपि,
२. वडा कार्यालयको सिफारिस,
३. उद्यमको नामको पान नम्बर तथा बैंक खाता विबरण,
४. सामग्री,प्रविधि वा उद्यम व्यवस्थापनको सक्कल बिल भौचर,
५. संस्थाको सिफारिस पत्र,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-३

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

**कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**र**

**दायित्व बीच सहकार्य गर्ने सम्बन्धी**

**समझदारीपत्र**

कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विराटनगर (यसपछि प्रथम पक्ष भनिएको) र दायित्व, सानेपा ललितपुर (यसपछि दोस्रो पक्ष भनिएको) का बीच सुशासन र विकासको लक्ष्य प्राप्तिसँग सम्बन्धित सार्वजनिक नीतिको अनुसन्धान र कार्यान्वयन सम्बन्धी कार्यमा सहकार्य गर्न मिति २०८१ साल जेठ १३ गतेको बैठकको निर्णय र मिति २०८१/०२/२१ गतेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र दायित्व सस्थाबीच समझदारी पत्रमा सम्झौता गर्ने सम्बन्धी माननीय मुख्यमन्त्रीस्तरीय निर्णयलाई दृष्टिगत गरेर देहाय बमोजिम सहकार्यका क्षेत्रहरू हुने गरी सामान्य समझदारी पत्र (MOU) मा हस्तक्षर गरिएको छ।

**सहकार्यका क्षेत्रहरूः**

१. प्रथम पक्षको प्राथमिकतामा परेका क्षेत्रहरूमा तथ्य र प्रमाणमा आधारित नीति निर्माण (Evidence-Based Policymaking) तथा कार्यान्वयनमा सहजीकरण, प्रदेशका प्रमुख मुद्दाहरूमा वैज्ञानिक पद्धतिबाट खोज, अनुसन्धान र विश्लेषण गरी सार्वजनिक नीति निर्माणका उत्तम र कार्यान्वयनयोग्य विकल्प पहिचान र अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुदृढीकरण सम्बन्धी कार्यमा सहयोग गर्न दोस्रो पक्षले सार्वजनिक सेवा फेलोशिप (Public Service Fellowship) र शासकीय प्रयोगशाला (Governance Lab) लगायतका माध्यमबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय प्राध्यापक र अनुसन्धानकर्मीसँग सहकार्यको लागि समन्वय गर्न वा निजहरूको सेवा उपलब्ध गराउन सक्नेछ।

२. समावेशी आर्थिक विकासका रोजगारी, उद्यमशीलता, महिला सशक्तीकरण जस्ता बिषयहरुमा दोस्रो पक्षले ग्रामीण उद्यम द्रुतिकरण कार्यक्रम (Rural Enterprise Acceleration Program) लगायत विभिन्न कार्यक्रमहरु मार्फत आवश्यक सेवा उपलब्ध गराउन सक्नेछ।

३. बुँदा १ र २ बमोजिमको कार्यमा प्रथम पक्षको कार्यदक्षता र नेतृत्व क्षमता अभिवृद्धि गर्न दोस्रो पक्षले राष्ट्रिय र अन्तर्राष्ट्रिय विज्ञहरूको सेवा उपलब्ध गराउन सक्नेछ।

४. प्रदेश सरकारको शासकीय प्रणाली र विकास प्रशासनलाई सुदृढ बनाउन दुवै पक्षको आपसी सहमति बमोजिम दोस्रो पक्षले शासकीय नवप्रवर्तनका कार्यहरू गर्ने, सिकाइहरू साटासाट गर्ने र नियमित संवाद र गोष्ठी लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने लगायतका कार्य गर्न सक्नेछ।

५. उल्लिखित क्रियाकलापहरुले प्रदेश सरकारका आर्थिक विकास कार्यक्रम लगायत विभिन्न नवप्रवर्तन प्रवर्धन गर्ने कार्यक्रमहरुलाई सहयोग पुऱ्याउन सक्नेछ।

६. यस समझदारीपत्र बमोजिमका कार्यहरूमा प्रथम पक्षले नेपाल सरकारका प्रदेश र स्थानीय तहका संस्थाहरूबीच समन्वय, सहकार्य र सहजीकरण गर्नेछ।

७. यस समझदारीपत्र बमोजिमको कार्यमा आवश्यक सहजीकरण र समन्वय गर्न देहायबमोजिमको सुशासन तथा विकास समन्वय समिति रहनेछ।

| | | | |
|---|---|---|---|
| १ | प्रमुख सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| २ | प्रदेश सचिव | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| ३ | प्रदेश सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ४ | प्रदेश सचिव | सामाजिक विकास मन्त्रालय | सदस्य |
| ५ | प्रदेश सचिव | प्रदेश योजना आयोग | सदस्य |
| ६ | अध्यक्ष | दायित्व | सदस्य |
| ७ | प्रदेश सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (शासकीय सुधार महाशाखा हेर्ने) | सदस्य-सचिव |

८. समन्वय समितिमा आवश्यकता अनुसार नेपाल सरकार लगायत अन्य क्षेत्रका प्रतिनिधिहरु र विषयविज्ञहरुलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ।

९. समन्वय समिति संयोजकको अनुमतिमा बैठकको कार्यसूची सहित सदस्य-सचिवले वर्षको कम्तीमा दुई पटक समितिको बैठक बोलाउनेछ।

१०. यस समझदारीपत्र बमोजिमको कार्य गर्न आवश्यकतानुसार विषयगत उपसमितिहरू गठन गर्न सकिनेछ।

११. यस समझदारी पत्रले प्रथम पक्षको कुनै पनि प्रकारको दायित्व सिर्जना गर्ने छैन।

१२. यो समझदारीपत्रको अवधि पाँच वर्षको हुनेछ र दुवै पक्षको सहमतिमा कार्यावधि थप गर्न सकिनेछ।

**प्रथम पक्षको तर्फबाट**

नाम: विष्णु प्रसाद पौडेल
पद: प्रदेश सचिव
**प्रदेश-सचिव**

**दोस्रो पक्षको तर्फबाट**

daayitwa

नाम: डा. पुकार मल्ल
पद: अध्यक्ष

इति २०८१ साल जेठ १८ गते रोज शुभम्

आज मिति २०८१ साल जेठ १३ गते आइतबार दिनको ३ बजे कोशी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विराटनगरमा प्रदेशका मुख्यमन्त्री, अर्थमन्त्री, प्रमुख सचिव तथा उद्योग सचिव सहित अन्य पदाधिकारी एवम् अधिकृतहरुको उपस्थितिमा दायित्व संस्थाका अध्यक्ष डा. पुकार मल्ल तथा वरिष्ठ सुशासन सल्लाहकार कृष्ण ज्ञवाली समेत सहभागी भएको देहायको विषयको छलफलमा देहायबमोजिम निर्णय भयो।

उपस्थितिः-

माननीय मुख्यमन्त्री श्री हिक्मत कुमार कार्की,
माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री रामबहादुर मगर,
प्रमुख सचिव श्री केदारनाथ शर्मा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सचिव श्री लेखराज दाहाल, उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सचिव श्री खगेन्द्र खड्का, आर्थिक मामिला तथा योजना मन्त्रालय
जनसम्पर्क सल्लाहकार श्री रवी खनाल, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दायित्व संस्थाका वरिष्ठ सुशासन सल्लाहकार श्री कृष्ण ज्ञवाली, सानेपा, ललितपुर
दायित्व संस्थाका अध्यक्ष डा. पुकार मल्ल, सानेपा, ललितपुर
उपसचिव श्री लक्ष्मी आचार्य पराजुली, उद्योग, कृषि तथा सहकारी मन्त्रालय
उपसचिव श्री कमल बहादुर थापा, आन्तरिक मामिला तथा कानुन मन्त्रालय
उपसचिव श्री अर्जुन निरौला, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश।

विषयः-

कोशी प्रदेश अन्तर्गतका केही स्थानीय तहहरुमा प्रदेश सरकार, सम्बन्धित स्थानीय तहहरु तथा दायित्व संस्थाबीचको सहकार्य र साझेदारीमा आगामी आ.व. २०८१/८२ मा वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम (Growth, Entrepreneurship and Employment Promotion Program) संचालन गर्ने बारे :-

छलफल तथा निर्णयः-

१. बैठकको शुरुमा दायित्वका अध्यक्ष डा. पुकार मल्लले उल्लिखित कार्यक्रमको पृष्ठभूमि, उद्देश्य, अपेक्षित नतीजा, विगतको अनुभव र प्रस्तावित सहकार्य तथा साझेदारीको ढांचाका साथै दायित्व संस्थाको उद्देश्य र गतिविधिका सम्बन्धमा विस्तृत जानकारी प्रस्तुत गर्नुभयो।
२. तत्पश्चात् कार्यक्रमको औचित्य, आवश्यकता, उपादेयता, आर्थिक स्रोत विनियोजन तथा कार्यान्वयन मोडालिटीका सम्बन्धमा दुबै पक्ष (प्रदेश सरकार तथा दायित्व संस्था) का बीच विस्तृत छलफल भयो।
३. छलफलपश्चात् प्रस्तावित कार्यक्रम संचालन गर्दा स्थानीय तहमा कृषि तथा उद्योग क्षेत्रका बीचको अन्तरसम्बन्ध घनीभूत भई रोजगारी सृजना एवं आयवृद्धि हुनाका साथै त्यसबाट प्रदेशको आर्थिक विकास र समृद्धिमा योगदान पुग्नजाने देखिएको, दायित्व संस्थाले आफुसँग भएको तत्सम्बन्धी ज्ञान, सिकाइ, प्राविधिक सीप तथा अन्य प्रदेश अन्तर्गतका स्थानीय तहहरुमा आर्जन गरेको अनुभवको प्रत्यक्ष उपयोग गर्नुका साथै आंशिक रुपमा संचालन खर्च

समेत वहन गरी प्राविधिक सहयोगीको भूमिका निर्वाह गर्ने, प्रदेश सरकारका तर्फबाट दायित्व संस्थालाई कुनै वित्तीय अनुदान उपलब्ध गराउन नपर्ने र प्रदेश सरकारका तर्फबाट स्थानीय तहहरुलाई नियमित रुपमा जाने सशर्त वा अन्य कार्यक्रमगत अनुदानको निश्चित अंश यो कार्यक्रममा खर्च गर्नका लागि छुटयाउनु पर्ने मात्र भएको सन्दर्भमा यो कार्यक्रम प्रदेश सरकारका लागि आवश्यक र उपयोगी रहेको महसुस गरी यसको संचालनका लागि अघि बढ्न सहमति व्यक्त गरियो।

४. उक्त सहमतिलाई मूर्त रुप दिई कार्यक्रम संचालन गर्नका लागि उद्योग कृषि तथा सहकारी मन्त्रालयले स्थानीय तहहरुको छनोट, कार्यक्रम संचालनको मोडालिटी तथा आगामी आ.व. का लागि आवश्यक बजेट विनियोजनको कार्य सम्बन्धित मन्त्रालयहरूसँगको समन्वयमा टुंग्याउने र यो सबै प्रक्रियामा दायित्वको सहयोगमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समन्वय तथा सहजीकरण गर्ने निर्णय भयो।

2081/2/12 | 081/02/12
प्रमुख सचिव | मुख्यमन्त्री

## अनुसूची-४
(दफा १९ सँग सम्बन्धित)

## सम्झौताको ढाँचा

कोशी प्रदेश सरकार, उद्योग, कृषि तथा सहकारी मन्त्रालय, विराटनगर (यसपछि प्रथम पक्ष भनिएको), श्री ........................ गाउँपालिका/नगरपालिका, .................. (यस पछि दोस्रो पक्ष भनिएको) र श्री ..................... संस्था, ............... (यसपछि तेस्रो पक्ष भनिएको) बिच देहायका सर्तका अधीनमा रही वृद्धिमुखी उद्यमशीलता र रोजगरी प्रवर्धन कार्यक्रम सञ्चालन गर्न यो सम्झौता गरिएको छ।

(क) प्रथम पक्षको जिम्मेवारी

(१) दफा .... को उपदफा (.....) बमोजिमको जिम्मेवारी

(२) ......................................................................

(ख) दोस्रो पक्षको जिम्मेवारी

(१) दफा ... को उपदफा (...) बमोजिमको जिम्मेवारी

(२) ...................................................................

(३) प्रथम पक्षले उपलव्ध गराएको बजेटमा दोस्रो पक्षले प्रतिवद्धता गरेबमोजिमको रकम थप गरी कुल बजेट कायम गरी कार्यक्रम सञ्चालन गर्ने।

(ग) तेस्रो पक्षको जिम्मेवारी

(१) दफा ..... को उपदफा (....) बमोजिमको जिम्मेवारी

(२) ...................................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(घ) <u>अन्य सर्तहरू</u>

(१) कार्यक्रम सञ्चालन अवधि सम्झौता भएको मितिबाट प्रत्येक आर्थिक वर्षको असार मसान्तसम्म रहनेछ।

(२) अन्य ।

माथि उल्लेखित सर्तको अधीनमा रही आ-आफ्नो तर्फबाट पालना गर्न गराउन हाम्रो मन्जुरी भएको हुँदा आ-आफ्नो तर्फबाट सहि गरिदियौ लियौं ।

| तेश्रो पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|---|
| ...................... | .............................. | ......................... |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| श्री..................संस्था | श्री.........गाउँपालिका / नगरपालिका | श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय |

| **<u>साक्षी</u>** | **<u>साक्षी</u>** | **<u>साक्षी</u>** |
|---|---|---|
| ......................... | ......................... | ......................... |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |

इति संवत्.........साल ..... महिना .... गते रोज .... शुभम्

**प्रमाणीकरण मितिः- २०८२/०९/११**

आज्ञाले,
पशुपति पोखरेल
नि. प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश